आज मिति २०८३/०३/०३ गतेका दिन बेलुका ५:३० बजे यस नेत्रावती डबजोङ गाउँपालिकाका अध्यक्ष श्री मेघनाथ रिजाल ज्यूको अध्यक्षतामा गाउँकार्यपालिकाका तपसिल बमोजिम सदस्यहरुको उपस्थितिमा बैठक बसी निम्नानुसारको प्रस्ताव माथि छलफल गरी निर्णय गरियो ।

<u>उपस्थितिः</u>

| | |
|---|---|
| अध्यक्ष | मेघनाथ रिजाल |
| उपाध्यक्ष | सितामाया गुरुङ |
| सदस्य | ठाकुर गुरुङ |
| सदस्य | मिन बहादुर तामाङ |
| सदस्य | सुरेश गुरुङ |
| सदस्य | हरि अधिकारी |
| का. वडा अध्यक्ष | बुद्वराम तामाङ |
| सदस्य | सितामाया घले |
| सदस्य | भावना तामाङ |
| सदस्य | कमला तामाङ गुरुङ |
| सदस्य | शेर बहादुर घले |
| सदस्य | ज्योती सुनार |
| सदस्य | सन्तमाया गुरुङ |
| सदस्य सचिव | सन्देश प्रसाद जोशी |

<u>अन्य उपस्थितिः</u>

| | |
|---|---|
| अधिकृत छैठौं | ज्ञानेन्द्रराज दाहाल |
| लेखापाल | अनिता खवास |

निर्णय नं. १: प्रस्ताव नं. १ माथि छलफल गर्दा यस नेत्रावती डबजोङ गाउँपालिकाको यसअघिको कार्यपालिका बैठकको निर्णयहरुको कार्यान्वयन अवस्था माथि छलफल तथा समिक्षा गरियो ।

निर्णय नं. २: प्रस्ताव नं. २ माथि छलफल गर्दा आव २०८२।८३ का ठेक्काहरुको कार्य सम्पन्न गर्ने मिति २०८३।०३।१५ गतेसम्म रहेकोमा तोकिएको अवधिभित्र कार्य सम्पन्न हुने अवस्था नदेखिकाले कार्य सम्पन्न नभएका ठेक्काहरुको मिति २०८३।०३।२४ गतेसम्म म्याद थप गर्ने निर्णय गरियो ।

निर्णय नं. ३: प्रस्ताव नं. ३ माथि छलफल गर्दा आ व २०८२।८३ मा तमै लिफ्टिङ खानेपानी आयोजनाको प्राविधिक स्टिमेट गर्दा विवरणमा १२ एम एम रडको उल्लेख गरिएकोमा परिमाण निकाल्दा ८ एम एम को रडको तौलले गुणा भएकाले १२ एम एम को रडको तौलले गुणन गर्दा आउने रकमको भुक्तानी दिने निर्णय गरियो ।

निर्णय नं. ४: प्रस्ताव नं. ४ माथि छलफल गर्दा नेत्रावती डबजोङ गाउँपालिका वडा नं १ स्थित मार्पाक स्वास्थ्य चौकीको भवन अन्तर्गतका कोठाहरु, शौचालय तथा खानेपानीको धाराहरु लगायत अन्य सामाग्रीहरु मर्मतको कन्टिजेन्सी शीर्षकबाट भुक्तानी दिने निर्णय गरियो । वडा नं ४ स्थित कुण्डलादेवी माध्यमिक विद्यालयको नर्सरी कक्षाको फल्स सिलिङको निर्माण कार्यको अपुग रकम ५०,०००। कन्टिजेन्सी शीर्षकबाट भुक्तानी दिने निर्णय गरियो । साथै वडा नं ३ चौतारा माध्यमिक विद्यालयमा खानेपानीको व्यवस्थापनको लागि आवश्यक सामाग्री खरिद र वडा नं ४ बिन्दुकेशर आ वि को स्टिमेट बमोजिम कार्य सम्पन्न गरी कन्टिन्जेन्सीबाट भुक्तानी दिने निर्णय गरियो ।

प्रस्ताव तथा निर्णयहरु:-

प्रस्ताव नं. १: समिक्षा सम्बन्धमा ।

प्रस्ताव नं. २: म्याद थप सम्बन्धमा ।

प्रस्ताव नं. ३: तमै लिफ्टिङ खानेपानी आयोजनाको प्राविधिक स्टिमेट सम्बन्धमा ।

प्रस्ताव नं. ४: कन्टिजेन्सीबाट रकम भुक्तानी सम्बन्धमा ।